## सिद्धलेक गाउँपालिका धादिङ
## गाउँसभाको सत्रौं (बजेट अधिवेशन) उपाध्यक्ष श्री सविता अर्याल ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

# सिद्धलेक गाउँपालिका

**बाग्मती प्रदेश, नेपाल**

मितिः २०८२/०३/०५ गते

# यस गाउँपालिकाका उपाध्यक्ष श्री सविता अर्यालद्धारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

सभाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

राष्ट्रसेवक कर्मचारीहरु,

गाउँपालिकाको गाउँसभाको १७ औ अधविशनमा स्वागत एवम् सम्मान व्यक्त गर्दछु ।

१. धादिङ जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, कृषि तथा पर्यटनले महत्वपूर्ण केन्द्रको रुपमा स्थापित हुँदै गएको सिद्धलेक गाउँपालिकाको सभाबाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मूर्तरुप दिन आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी भएको छु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको युगान्तकारी परिवर्तनको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार र सिद्धलेक गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दीगो विकास लक्ष्य, मध्यमकालिन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर बनाएको छु ।

३. यो बजेट पूर्ण रूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाले लिएको समृद्ध सिद्धलेक सुखी सिद्धलेकको दीर्घकालिन लक्ष्य हासिल हुनेमा विश्वस्त छु ।

४. आगामी आर्थिक बर्ष २०८२/०८३ को व्यय अनुमान गर्दा आर्थिक मितव्ययीता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न गाउँ पालिकालाई संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीको परिचालन गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

५. आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि बजेट तर्जुमा गर्दा विगत वर्षदेखी निर्माण शुरू भएका भौतिक पूर्वाधार निर्माणको कार्यलाई पूर्णता दिने गरी बजेट विनियोजन गरेको छु । पालिकाभित्र निर्माण भएका सडक पूर्वाधारको क्रमश स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु ।

६. एक घर एक धारा खानेपानी कार्यक्रमलाई पूर्णता दिने, बस्तीमा विद्युतीकरण तथा सडकको पहुँच विस्तार गर्ने, कृषि उत्पादन र बजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्ने, सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पारदर्शिता र जवाफदेहिता कायम गर्दै सुशासनको अनुभुति दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरेको छु ।

७. संघीय सरकारबाट प्राप्त शसर्त अनुदान, विशेष अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्षज्यू**

८. अब म बजेटले अख्तियार गरेका उद्देश्य तथा प्राथमिकता यस सम्मानित सभा समक्ष राख्ने अनुमति चाहन्छु,

**<u>बजेटका उद्देश्यहरू:</u>**

क. गाउँपालिकाको दिगो र एकीकृत विकास तयार गर्ने ।

ख. **"उज्यालो सिद्धलेक, सम्वृद्ध सिद्धलेक"** भन्ने नारालाई आत्मसात गर्दै आधारशीला तयार गर्ने ।

ग. समसामयिक सुहाउँदो प्रविधिमैत्री स्थानीय शासनको व्यवस्था गर्ने गर्दै सुखी, समृद्ध र आत्मनिर्भर सिद्धलेक गाउँपालिका स्थापना गर्ने ।

घ. स्थानीय जनताको स्वस्फूर्त र सक्रिय सहभागिता अभिबृद्धि गर्दै योजना र विकास प्रक्रियामा स्थानीय शान्ति, लोकतन्त्र, मानव अधिकार, पारिवारिक मूल्य मान्यता कर्तव्य र अधिकार र सुशासनलाई बलियो बनाउने।

ङ. गाउँपालिकाको समग्र विकासमा संघीय बजेट, प्रदेशबजेट र आवधिक योजनाले परिलक्षित गरेका उद्देश्यहरुको परिपूर्ति गर्न सहयोग गर्ने ।

च. लैङ्गिक हिंसाको अन्त्य गर्दै लैङ्गिक समानता, समावेशी तथा मुल प्रवाहीकरण सामाजिक व्यवस्था स्थापनाको लागि आधारशिला तयार गर्ने ।

छ. संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी गरी गाउँपालिकाको उद्धेश्य प्राप्ती गर्ने ।

९. उपरोक्त उद्देश्यहरु परिपुर्ति गर्न बजेटमा निम्न बमोजिम प्राथमिकताहरु निर्धारण गरेको छु ।

क. स्थानीय सुशासन र सन्तुलित विकासमा जोड दिने ।

ख. कृषि र पशुपालनको क्षेत्रमा लगानी वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापनमा जोड दिँदै रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।

ग. प्रविधिमैत्री स्थानीय शासनको विकास गर्ने ।

घ. स्थानीय ग्रामिण सडकहरुको सुदृढीकरण, अत्यावश्यक खानेपानी, सिंचाई, पुल लगायतका पुर्वाधारहरुको निर्माणबाट आर्थिक विकास, हासिल गर्दै दिगो र एकीकृत विकासमा जोड दिने ।

ङ. महिला सशक्तिकरण तथा आयआर्जन सम्बन्धी कार्यक्रम मार्फत सामाजिक रूपान्तरणमा सहयोग गर्ने ।

च. गाउँपालिकाको दिगो योजना तयार गरी तत्काल प्रतिफल दिने र गौरवका आयोजनालाई प्राथमिकता दिने कार्यक्रम तय गर्ने ।

छ. जेष्ठ नागरिक तथा अपाङ्गमैत्री स्वास्थ्य सेवा, तथा मातृशिशु स्वास्थ्य, लाई प्राथमिकतामा राखी गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्य र खोप सेवामा पहुँच पुऱ्याउन जोड दिईने ।

ज. शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, युवा तथा खेलकूद जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्दी गर्ने ।

झ. शिक्षालाई बालमैत्री र प्रविधिमैत्री बनाउने । असल नागरिक तयार गर्न स्थानीय पाठ्यक्रममा नैतिक शिक्षाको व्यवस्था गर्ने ।

ञ. फोहोरमैला व्यवस्थापन, बनजन्य तथा वातावरणीय क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने तथा विपद व्यवस्थापन गर्ने ।

ट. संस्थागत क्षमता विकास, लैङ्गिक समानता र समावेशिकरण तथा आवश्यक कानुन निर्माण गर्ने ।

ठ. संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी बढाई पुर्वाधार निर्माणको कार्य गर्ने ।

ड. स-साना टुक्रे योजनामा लगानी कम गरी उत्पादनमूलक रोजगारमूलक तथा पूँजी योजनामा लगानी वृद्दी गर्ने ।

**सभाध्यक्षज्यू**

१०.यस सिद्धलेक गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमका लागि प्रस्तावित वजेट तथा क्षेत्रगत कार्यक्रमको जानकारी गराउन चाहन्छु । स्थानीय तहमा विषयगत शाखा तथा वडा स्तरबाट माग भए बमोजिम लागु हुने गरी व्यवस्था गरेको छु । आगामी आ.व. २०८२/०८३ का लागि कुल वजेट रु. **६०,५७,८४,९१४.३**।– (अक्षरेपी साठी करोड सन्ताउन्न लाख चौरासी हजार नौ सय चौध रुपैयाँ तिन पैसा मात्र) को वार्षिक वजेट तथा कार्यक्रम यस सभामा पेश गरेको छु । यसमा आन्तरिक राजस्व, राजस्व वाँडफाँड, वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान लगायत अन्य अनुदानहरु समावेश गरेको छु । यसमा संघिय सरकार र प्रदेश सरकारको विनियोजित सशर्त अनुदान,समपुरक अनुदान, विशेष अनुदान रकम रु.३३,३८,४८,०००।– (अक्षरुपी तेत्तिस करोड अट्तिस लाख अठचालीस हजार रुपैया मात्र) संघ र प्रदेश बाटै वाँडफाँड भै आएको हुँदा यसलाइ कुनै हेरफेर नगरी सोही वमोजिम लागु हुने गरी अनुमोदनका लागि पेश गरेको छु । कुल वजेटमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान,समपुरक अनुदान, विशेष अनुदान घटाई बाँकी रहेको वजेट रु.२७,१९,३६,९१४।– (अक्षरुपी सत्ताईस करोड उन्नाईस लाख छत्तिस हजार नौ सय

चौध रुपैयाँ मात्र) विनियोजन गरेको छु । यसै गरी चालू आ.व. २०८१।०८२ मा यस गाउँकार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गरेको छु । वजेट वितरणलाई क्षेत्रगत रुपमा समानुपातिक ढंगवाट विभाजन गरेको छु । मागमा आधारित योजनाहरु गाँउवस्ती वडास्तर, विषयगत समिति, योजना तथा वजेट तर्जुमा समितिबाट प्रस्ताव भई आए अनुसार बजेट बाँडफाँड गरेको छु । नयाँ संरचना, भौगोलिक कठिनाइ, जनताका अधिक मागका बावजुत न्युन वजेट मार्फत न्यायोचित ढंगवाट रकम बाँडफाँड गरिएको छ । यति हुँदाहुँदै पनि केही मागहरु सम्बोधन नभएको हुन सक्छन् यसलाइ पालिका स्तरीय योजना तथा कार्यक्रमबाट आवश्यकतालाई मध्येनजर गर्दै समावेश गरिने कुरा पनि अवगत गराउन चाहान्छु ।

अध्यक्ष महोदय,

११.अब म यस सिद्धलेक गाउँपालिकाको आगामि आ.ब. २०८२/०८३ का मुख्य क्षेत्रगत कार्यक्रम तथा बजेट निम्नानुसार तय गरिएको व्यहोरा यस गरीमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सिद्धलेक गाउँपालिकाको आ.व. २०८२/८३ को राजश्व तथा अनुदान प्राप्ति र क्षेत्रगत व्यय तथा संक्षिप्त सिमा | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्यय तर्फ | | |
| सि नं | शिर्षक | रकम | सि. नं | शिर्षक | रकम |
| १ | वित्तीय समानीकरण अनुदान (संघ) | १२७४०००००० | १ | प्रशासनिक खर्च गा पा चालु | १००००००००० |
| २ | राजश्व बांडफांड (संघ) | ८२०८२९५२ | २ | आर्थिक विकास (कृषि/पशु) | १५०००००० |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश) | १३३०९००० | ३ | सामाजिक विकास तर्फ | |
| ४ | सवारी साधन कर (प्रदेश) | २९६४४९६२ | | ३.१. शिक्षा, युवा तथा खेलकुद विकास शाखा चालु | २०००००००० |
| ५ | स्थानीय राजश्व (गिट्टी वालुवा बिक्री तथा निकासी कर) | १९५०००००० | | ३.२. स्वास्थ्य तथा सामाजिक विकास शाखा | ६०००००० |
| १२ | समपुरक अनुदान (प्रदेश) | २७००००००० | | ३.३. महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा चालु | १०००००० |
| १३ | समपुरक अनुदान (संघ) | ८७००००० | | ३.४. न्यायिक समिति | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सशर्त अनुदान संघ (चालु) | २२१८००००० | | भैपरी आउने पुजीगत | ५०००००० |
| १५ | सशर्त अनुदान संघ (पुँजीगत) | ३४९००००० | ४ | संस्थागत विकास तथा सुदृढिकरण शाखा चालु | ५०००००० |
| १६ | सशर्त अनुदान प्रदेश (चालु) | २२५४८००० | ५ | सूचना प्रविधि शाखा | ५०००००० |
| १७ | सशर्त अनुदान प्रदेश (पुँजीगत) | ५५००००० | ६ | पालिकास्तरीय योजना | १०४३६००० |
| १८ | विशेष अनुदान संघ | ६९००००० | ७ | वडा स्तरिय योजना | २४५००००० |
| १९ | विशेष अनुदान (प्रदेश) | ६५००००० | ८ | अन्य सार्वजनिक निर्माण | ६०००००० |
| | | | ९ | विपद् व्यवस्थापन कोष | ५०००००० |
| | | | १० | मर्मत सम्भार कोष पुँजीगत | ३०००९१४ |
| | | | ११ | आर्थिक सहायता | २५००००० |
| | | | १२ | आकष्मिक कोष चालु | १५००००० |
| | | | १३ | उज्यालो सिद्धलेक सम्वृद्ध सिद्धलेकका लागि वातावरण मैत्री कार्यक्रम | ५०००००० |
| | | | १४ | समपुरक अनुदान पुँजीगत | ४५०००००० |
| | | | १५ | साझेदारी कोष पुँजीगत | २५००००० |
| | | | १६ | पालिका गौरवका योजना | ७०००००० |
| | | | १८ | अन्य लक्षित विविध कार्यक्रम | २०००००० |
| | | | | जम्मा | २७१९३६९१४ |
| | | | १९ | सशर्त अनुदान संघ चालु | २२१८००००० |
| | | | २० | सशर्त अनुदान संघ पुँजीगत | ३४९००००० |
| | | | २१ | समपुरक अनुदान संघ पुँजीगत | ८७००००० |
| | | | २२ | विशेष अनुदान संघ पुँजीगत | ६९००००० |
| | | | २३ | सशर्त अनुदान प्रदेश चालु | २२५४८००० |
| | | | २४ | सशर्त अनुदान प्रदेश | ५५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पुँजीगत | |
| | | | २५ | समपुरक अनुदान प्रदेश पुँजीगत | २७०००००० |
| | | | २६ | विशेष अनुदान प्रदेश पुँजीगत | ६५०००००० |
| | | | | जम्मा | ३३३८४८००० |
| | **जम्मा** | **६०५७८४९१४** | | **कुल जम्मा** | **६०५७८४९१४** |

**सभाध्यज्यू,**

१२. कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिईएको छ भने अर्कोतर्फ सीमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा छिरलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनमा थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ ।

१३. आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक,२०८२ र विनियोजन विधेयक, २०८२ यसैसाथ प्रस्तुत गरेको छु ।

१४. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू आदरणीय सभा सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिकाका कर्मचारी, राजनैतिक दल निजी क्षेत्र नागरिक समाज पत्रका आम सरोकारवालाबाट प्राप्त सल्लाह सुझाव र सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजुभाई तथा दिदीबहिनी जनप्रतिनिधि स्थानीय राजनीतिक दल नागरिक समाज निर्माण व्यावसायी उपभोक्ता समिति राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ सहयोग  र समर्थन रहने अपेक्षा गरेको छु । विगतका बर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिको भौतिक पूर्वाधार आर्थिक सामाजिक सांस्कृतिक एवम् मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरूबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

सविता अर्याल
उपाध्यक्ष